# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका सचिव श्री राधारमण उपाध्याय दक्षिण कोरियाको सिओलमा हुने एशियाली उत्पादकत्व संगठन (APO) को बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गणपतलाल राजभण्डारी-लाई मिति २०४६।२।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले देहायका वस्तुहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बनाई सो वस्तुहरूको निकासी वृद्धि गराउने दृष्टिकोणले मिति २०४६।१।२१ देखिको निकासीवापत बाणिज्य बैंकमा विदेशी मुद्रामा भुक्तानी प्राप्त हुनासाथ सोही बैंकबाट नै सम्बन्धित निर्यातकर्ताहरूलाई एफ.ओ.बी. मूल्यको आधारमा देहायबमोजिमको निकासी नगद अनुदान दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| नगद अनुदान पाउने वस्तुहरू | नगद अनुदान (एफ. ओ. बी. मूल्यको) प्रतिशतमा |
|---|---|
| १. दाल | १५ |
| २. अलैंची | १० |
| ३. ध्यू | १० |
| ४. सारयुक्त तेल | १५ |
| ५. सुठो | १० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले छाला उद्योगलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम तुल्याई छालाको निकासी वृद्धि गराउने दृष्टिकोणले मिति २०४५।१२।१८ देखिको देहायबमोजिमको छालाका वस्तुहरूको निकासीमा वाणिज्य बैंकहरूमा विदेशी मुद्रामा भुक्तानी प्राप्त हुनासाथ सोही बैंकबाट नै सम्बन्धित निर्यातकर्ताहरूलाई एफ. ओ. बी. मूल्यको आधारमा देहायबमोजिमको निकासी नगद अनुदान दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| नगद अनुदान पाउने छाला तथा छालाको किसिम | नगद अनुदान (एफ.ओ.बी.मूल्यको) प्रतिशतमा |
|---|---|
| १. छालाबाट बनेका सामानहरूमा | २५ |
| २. तैयारी छालामा | २० |
| ३. क्रेष्ट छालामा | १५ |
| ४. वेट ब्लु छालामा | १० |

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको

## सूचना १

श्री ५ को सरकारको मिति २०४५।१०।१३ को निर्णयानुसार यस विभागका राजपत्राङ्कित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी श्री राजाराम सेढाईलाई लेखा परीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी तह–२ को उप-निर्देशक पदमा मिति २०४५।६।१३ देखि लागू हुने गरी बढुवा गरी यसै विभागमा पदस्थापन गरिएको छ।

## सूचना २

श्री ५ को सरकारको मिति २०४६।१।१२ को निर्णय अनुसार यस विभागका राजपत्र अनङ्कित प्रथम श्रेणी, लेखापरीक्षण अधीक्षक श्री खडानाथ दुवाडीलाई लेखा-परीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, लेखापरीक्षण अधिकारी पदमा मिति २०४६।१।१२ देखि बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरिएको छ।

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।